# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ९२ | बुटवल | २०८२ चैत १८ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday April 01, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक
कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


सिद्धार्थनगरको अव्यवस्थित डम्पिङ साइट :

# तीनै तहका सरकारविरुद्ध सर्वोच्चमा मुद्दा

**मोहम्मद हबिब**

*भैरहवा*

डण्डा नदी किनारमा फाल्दै आएको फोहोरले स्थानीय प्रभावित हुँदै आएपछि अव्यवस्थित डम्पिङ साइटको विषयलाई लिएर तीनै तहका सरकारविरुद्ध सर्वोच्च अदालतमा रिट परेको छ ।

अनियन्त्रित डम्पिङ साइटबाट फैलिएको दुर्गन्ध र प्रदूषणले जनस्वास्थ्यमा समस्या उत्पन्न भएको भन्दै अधिवक्ता विवेक बखेल र कानुनकी विद्यार्थी अञ्जली सिलवालले संघीय सरकार, लुम्बिनी प्रदेश सरकार र रूपन्देहीको सिद्धार्थनगर नगरपालिकासहित मातहतका निकायविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दिएका हुन् ।

रिटमा सिद्धार्थनगर नगरपालिकाअन्तर्गत पर्ने डन्डा खोला क्षेत्रमा सञ्चालित डम्पिङ साइट अनियन्त्रित रहेको दाबी गरेका छन् । जसले सो क्षेत्रमा तीव्र दुर्गन्ध र प्रदूषण फैलिएको उनीहरूको दाबी छ ।

प्रदूषणले स्थानीय वासिन्दालाई निकै समस्या भएको र त्यो क्षेत्र भारतबाट गौतमबुद्ध जन्मस्थल लुम्बिनी प्रवेश गर्ने बाटोमै पर्ने भएकोले आगन्तुक पर्यटकको जीवनसमेत कष्टकर बनेको उनीहरूले रिट निवेदनमा भनेका छन् ।

सोही कारण त्यो क्षेत्रबाट डम्पिङ साइट हटाउन तथा सञ्चालन गर्न रोक लगाउन रिटमा माग गरिएको छ । सो रिट मंगलबार पेसीमा चढेर इजलासले विपक्षीको नाममा कारण देखाउ आदेश जारी गरेको छ । यस्तै अन्तरिम आदेशको लागि छलफलमा गर्न दुवै पक्षलाई बोलाएको छ ।

भैरहवा नगरको फोहोर अव्यवस्थित रुपमा डण्डा नदी किनारमा फाल्दै आएपछि छेउछाउका नागरिक प्रभावित हुने गरेका छन् । फोहर व्यवस्थापनबारे सिद्धार्थनगर नगरपालिकाले प्रभावकारी काम गर्न नसके पछि दैनिक रुपमा बढ्दै गइरहेको नेपाल भारतको सीमा दशगजा नजिकैको फोहोरले एकातर्फ नदीको जैविकता पनि गुम्दै गएको भने स्थानीयको स्वास्थ्यमा पनि समस्या पारेको छ ।

नगरको फोहोर व्यवस्थापन वर्षौंदेखि वडा नं. १ डण्डा नदी किनार झण्डी बजार क्षेत्रमा फोहोर फाल्दै आएकोमा स्थानीयले अवरोध गरेसँगै २०८० वर्ष साउन ४ गतेबाट केही समयको लागि भन्दै सिद्धार्थनगरले बनाएको पर्यटकीय गेट नजिकै नगरको फोहोर डम्पिङ क्षेत्र बन्यो । तर यहाँ भने फोहोर फाल्न लागेको २ वर्ष बढि बित्दा समेत नगरपलिकाले फोहोर व्यवस्थापन गर्न सकेको छैन । स्थलमार्ग भई नेपालकै सबैभन्दा बढी पर्यटक भित्रिने नाकाको रुपमा रहेको मुख्य राजमार्ग छेउमै नगरको फोहोर फालेर यो क्षेत्र नै दुर्गन्धित बनेको छ ।

भैरहवा र आसपास क्षेत्रका फोहोर विगत ४ दशक बढिबाट डण्डा नदीको छेउमा फालिंदै आएको छ । २०३५ सालमा व्रिटीस सेनाको स्थानानन्तरण भएपछि वडा नं. १ डण्डा नदी किनार क्षेत्रमा फोहोर फाल्दै आइएको छ । विना कुनै व्यवस्थापन लगातार फोहोर फाल्दा अहिले सतहभन्दा माथि फोहोरको पहाड बनेको छ । फोहोरले वरपरको क्षेत्र मात्र दुर्गन्धित बनाएको छैन, त्यहाँस्थित डण्डा नदी प्रदूषित र जलचर प्राणीको जीवनमा पनि ह्रास ल्याएको छ । नेपालमा मात्र नभई यस्को असर भारतीय सीमा नजिकै रहेका बस्तीमा पनि पुग्ने गरेको छ ।

स्थानीय सरकार आएसँगै बाटोघाटो तथा विकास निर्माणका कार्यमा जोड दिए पनि सिद्धार्थनगर नगरपालिकामा उचित फोहर व्यवस्थापनको विकल्प खोज्न नसक्दा डण्डा खोला किनारमै वर्षौंदेखि फोहर फाल्ने



गरिएको छ । नदीको किनारमा जथाभावी फोहोर फाल्ने गर्नाले नदीको पानी फोहोर हुनुका साथै जलचर प्राणीमा ह्रास र स्वस्थ मानिस पनि बिरामी पर्ने अवस्था आएको स्थानीयको आरोप छ ।

संवेदनशील ठाउँमा भएकोले यसको समाधानका लागि नगरपालिकामा निरन्तर पहल गर्दै आएको भए पनि अहिलेसम्म दीर्घकालिन समाधान नगरपालिकाले गर्न सकेको छैन ।

गर्मी बढ्दै जाँदा तापक्रम बढ्ने हुँदा डम्पिङ क्षेत्र झन दुर्गन्धित बनाउँछ, यस क्षेत्रको वातावरणलाई नै असर पुऱ्याउँदै आएकाले डम्पिङ साइड व्यवस्थापन वा स्थानान्तरण गर्न जरुरी छ र सार्नका लागि स्थानीयको पटक पटक आवाज उठ्ने गरेको छ ।

घरबाट नै फोहोर कम गर्ने, कुहिने फोहोरलाई घरमै व्यवस्थापन गर्न सके केही मात्रामा फोहोर कम गर्न सकिन्छ । यसका लागि नगरपालिकाको कार्यपालिकाको बैठकले नगरको दीर्घकालीन फोहोरमैला व्यवस्थापनका लागि निर्णय गरी आगामी चैत १८ गतेदेखि वर्गीकरण नगरिएको फोहोर संकलन नगर्ने घोषणा गरेको छ । नगरपालिकाले एक सूचना जारी गर्दै चैत १७ गतेभित्रै सबै नगरवासी, व्यवसायी तथा संघसंस्थाहरूलाई फोहोर वर्गीकरण गर्ने व्यवस्था मिलाउन आग्रह गरेको छ ।

नगर कार्यपालिकाको निर्णयअनुसार आगामी चैत १८ गतेदेखि वर्गीकरण नगरिएको फोहोर बोक्ने गाडीले नउठाउने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनक थापाले जानकारी दिए ।

नगरपालिकाले फोहोरलाई मुख्यतया तीन समूहमा विभाजन गर्न निर्देशन दिएको छ । भान्साबाट निस्कने अवशेष, भात, दाल, तरकारी तथा फलफूलका बोक्रा, पातपतिङ्गर, घाँस, चिया तथा कफीका अवशेषलगायतका कुहिने जैविक फोहोर एक ठाउँमा । यस्तै प्लाष्टिक, पोलिथिन, रबर, कपडा, जुत्ता, ब्याट्री तथा विद्युतीय सामानका अवशेष जस्ता नकुहिने अजैविक फोहोर एक ठाउमा र सिसा, काँच, धातु र टिन लगायतका सडेर नजाने कवाडजन्य फोहोर एक ठाउमा वर्गीकरण गर्न अनुरोध गरेको हो ।

नगरपालिकाको सूचनालाई बेवास्ता गरी फोहोर वर्गीकरण नगर्ने घरधनी वा निकायले आफ्नो फोहोरको व्यवस्थापन आफैं गर्नुपर्नेछ । यदि कसैले जथाभावी सडक पेटी वा सार्वजनिक स्थलमा फोहोर फालेको पाइएमा न्यूनतम ५ हजार रुपैयाँदेखि फोहोरको प्रकृति अनुसार थप जरिवाना गरिने समेत नगरपालिकाले चेतावनी दिएको छ ।

नगरलाई स्वच्छ र सुन्दर राख्न यो कदम चालिएको हो । होटल, पसल, निजी घर, विद्यालय र संघसंस्थाहरूले अनिवार्य रूपमा फोहोर वर्गीकरण गरेर नगरपालिकाको अभियानमा सहयोग पुऱ्याउन नगरपालिकाले अनुरोध गरेको छ ।

यहाँ दैनिकरुपमा ३० टन बढी फोहोर उत्सर्जन हुने गरेको छ । स्थानीय सरकार आएको पहिलैदेखि नै यहाको लागि फोहोरमैला व्यवस्थापन चुनौतीकै रुपमा रहेकोमा अहिलेसम्म दीर्घकालिन समाधान हुन सकेको छैन । विभिन्न समयमा विभिन्न प्रयासहरु भए पनि नगरपालिकाले ठोस योजना ल्याउन सकेको थिएन । नगरपालिकाले वर्षौंदेखि फोहोर डण्डा नदी किनारमै व्यवस्थापन गरिरहेको छ ।

दैनिकरुपमा सिद्धार्थनगरबाट उत्सर्जन भएको फोहोर नगरपालिकाले करिब सय जना जनशक्ति लगाएर १२ वटा ट्याक्टर, ठेला र कुचीकारहरुबाट फोहोर संकलन गरी यहाँ व्यवस्थापन गर्दै आएको छ ।

नगर क्षेत्रबाट संकलन भएको फोहोर गेट नजिकैको क्षेत्रमा ट्याक्टरमार्फत् पठाउने, खाल्डोमा फोहोर राखी सम्याउने र माटो पुर्ने गरी फोहोर व्यवस्थापन गरिरहेको नगरपालिकाले जानकारी दिएको छ । डम्पिङ क्षेत्रमा गन्ध नआओस् भन्नका लागि मट्टितेल, फिनेल र इमो झोल दैनिक रुपमा हाल्ने गरिएको छ ।

हालको व्यवस्थाअनुसार ती फोहोरलाई वर्गीकरण गरी कुहिने फोहोर उचित ठाउँमा व्यवस्थित तरिकाले व्यवस्थापन गरी मलको रुपमा पनि प्रयोग गर्न सकिने गरी योजना बनाएको छ भने नकुहिने बस्तुलाई पुनःप्रयोगको अवधारणामा लैजाने योजना अनुरुप नगरपालिका लागेको छ ।

यसरी फोहोर वर्गीकरण गर्दा फोहोरको परिमाण पनि घट्ने अपेक्षा नगरपालिकाको रहेको छ ।

## कांग्रेसले तोक्यो सातै प्रदेशमा प्रतिनिधि

बुटवल । नेपाली कांग्रेसले हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको समीक्षा तथा पार्टीको आगामी कार्यदिशाबारे छलफलका लागि प्रतिनिधि तोकेको छ ।

महामन्त्री प्रदीप पौडेलले मंगलबार एक विज्ञप्ति जारी गरी पार्टी केन्द्रीय कार्यसमितिको यही चैत १० र ११ गते सम्पन्न बैठकको निर्णयअनुसार छलफल कार्यक्रम सञ्चालन गर्न प्रतिनिधि तोकिएको जानकारी दिए ।

सातै प्रदेशमा १६५ वटै प्रतिनिधिसभा निर्वाचन क्षेत्रका उम्मेदवारहरूसँग प्रत्यक्ष छलफल गर्दै समग्र निर्वाचन परिणाम, अनुभव र पार्टीको अबको बाटोका सन्दर्भमा समीक्षा गर्ने विज्ञप्तिमा उल्लेख छ ।

यसैगरी, केन्द्रीय प्रतिनिधिको उपस्थितिमा प्रत्येक क्षेत्रमा स्थलगत अध्ययन तथा विश्लेषणसमेत गरिने जनाइएको छ ।

उक्त कार्यक्रमअन्तर्गत सम्बन्धित प्रदेशमा तोकिएका संयोजकको समन्वयमा केन्द्रीय कार्यसमितिका सदस्य, प्रदेश कार्यसमितिका पदाधिकारी, जिल्ला सभापति, प्रतिनिधिसभा तथा प्रदेशसभा क्षेत्रीय सभापति, प्रदेशसभा सदस्य तथा प्रतिनिधिसभाका प्रत्यक्ष र समानुपातिक उम्मेदवारको सहभागिता रहनेछ ।

कार्यक्रमको व्यवस्थापन सम्बन्धित जिल्ला कार्यसमितिले गर्ने महामन्त्री पौडेलले उल्लेख गरे ।

कार्यक्रमको तालिका अनुसार यही चैत २३ गते कोशी प्रदेशको विराटनगरमा हुने कार्यक्रमका लागि डा डिला सङ्ग्रौला पन्त, चैत २५ गते मधेस प्रदेशको जनकपुरमा हुने कार्यक्रमका लागि फरमूल्लाह मन्सुरलाई प्रतिनिधि तोकिएको छ ।

यसैगरी, बाग्मती प्रदेशको हेटौँडामा आगामी बैशाख ७ गते हुने कार्यक्रमका लागि बहादुरसिंह लामा, गण्डकी प्रदेशको पोखरामा यही चैत २७ गतेको कार्यक्रमका लागि देवराज चालिसे, लुम्बिनी प्रदेशको दाङमा चैत २९ गतेको कार्यक्रमका लागि योगेन्द्र चौधरीलाई प्रतिनिधि तोकिएको छ ।

यस्तै, कर्णाली प्रदेशको सुर्खेतमा आगामी बैशाख ३ गते हुने कार्यक्रमका लागि कर्णबहादुर बुढा र सुदूरपश्चिम प्रदेशको कैलालीमा वैशाख ५ गतेको कार्यक्रमका लागि प्रकाश रसाइली स्नेहीलाई प्रतिनिधि तोकिएको विज्ञप्तिमा जनाइएको छ ।

कांग्रेसले यस कार्यक्रममार्फत् निर्वाचन परिणामको समीक्षा गर्दै पार्टी सुदृढीकरण, सङ्गठन विस्तार तथा आगामी रणनीति तय गर्ने लक्ष्य राखेको जनाएको छ ।

## काठमाडौंका पूर्व प्रजिअ हाजिरी जमानीमा रिहा



बुटवल । काठमाडौंका पूर्वप्रमुख जिल्ला अधिकारी छवि रिजाल हाजिरी जमानीमा रिहा हुने भएका छन् ।

अपराध अनुसन्धान कार्यालयको टोलीले रिजाललाई मंगलबार बिहान सुविधानगरबाट पक्राउ गरेको थियो । उनी जेनजी आन्दोलनको बेला काठमाडौंको सीडीओ थिए ।

रिजालमाथि गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा दमन गरेको आरोप छ । गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले रिजाललाई समेत कारबाही सिफारिस गरेको थियो ।

तर, उनलाई हाजिरी जमानीमा छाड्न निर्णय भएको जिल्ला प्रहरी परिसर, काठमाडौंका एक अधिकृतले जानकारी दिए ।

## बसको ठक्करबाट ई-रिक्सा चालकको मृत्यु

बुटवल । रुपन्देहीको बुटवल उप-महानगरपालिका-९ कालिकापथमा विद्युतीय माइक्रो बस र ई-रिक्सा आपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ । दुर्घटनामा ई-रिक्सा चालक अर्घाखाँची पाणिनी गाउँपालिका-१ घर भई हाल बुटवल-३ गोलपार्क बस्दै आएका ३२ वर्षीय गोविन्द विकको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका उनलाई उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल लगिएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी डीएसपी कृष्णबहादुर चन्दले जानकारी दिए ।

दुर्घटनामा परी ई-रिक्सामा सवार बुटवल-२ मैनाबगरकी २३ वर्षीया कृतिका आले मगर घाइते भएकी छन् । उनको लुम्बिनी प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ ।

प्रहरीका अनुसार तिनकुनेबाट बसपार्कतर्फ आउँदै गरेको बा.प्र.०३००१ ज १२२९ नम्बरको ईभी माइक्रो बस र विपरीत दिशाबाट जाँदै गरेको रा १ ह ४४३४ नम्बरको ई-रिक्सा एकआपसमा ठोक्किएका थिए ।

घटनापछि माइक्रो बस चालक चितवन भरतपुर महानगरपालिका-१५ रामपुरका ३४ वर्षीय साजन परियारलाई प्रहरीले नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको छ ।

## कुवेतमा फसेका नेपाली भैरहवा आउँदै



भैरहवा । कुवेतमा रोकिएका नेपाली यात्रुहरूलाई स्वदेश फर्काउन कुवेत एयरवेजले आज बुधबार भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा विशेष चार्टर उडान गर्दैछ । मध्यपूर्वमा बढेको तनावका कारण नियमित उडान अवरुद्ध भएपछि कुवेतस्थित नेपाली दूतावासको समन्वयमा यो उडान सञ्चालन गर्न लागिएको हो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले सोमबार उक्त उडानका लागि अनुमति दिएको छ । प्राधिकरणका अनुसार यो उडानका लागि कुवेत एयरवेजले ३ सय ३४ यात्रु क्षमता भएको वाइड वडी बोइङ ७७७-३०० विमान प्रयोग गर्नेछ । यो ठूलो आकारको विमान भैरहवामा पहिलोपटक अवतरण गर्न लागेको हो । विमान बुधबार दिउँसो ४ः४५ बजे भैरहवामा अवतरण गर्ने तालिका छ भने फर्किंदा यात्रुबिनै खाली लाहोर पाकिस्थान फिर्ता हुने भैरहवा विमानस्थलले जानकारी दिएको छ । उक्त विमानले पाकिस्तानबाट कार्गो लिएर स्वदेश फर्कने छ ।

अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि नेपाल-कुवेत उडान प्रभावित हुँदै आएको छ । मंगलबारसम्म नियमित उडान रोकिएको ३२औं दिन पुगिसकेको छ ।

कुवेत एयरवेजका अनुसार कुवेत अन्तर्राष्ट्रिय विमानस्थलमा भएको आक्रमणपछि हालसम्म नियमित उडान पूर्णरूपमा सञ्चालन हुन सकेको छैन । वैकल्पिक व्यवस्थाका लागि साउदी अरबको दमामबाट काठमाडौं उडान गर्ने तयारी भइरहेको र त्यसका लागि प्राधिकरणसँग अनुमति मागिएको छ ।

सन् २०२२ अक्टोबर ३१ देखि नेपाल उडान सुरु गरेको कुवेत एयरवेजसँग हाल ३४ वटा विमान छन्, जसले ५६ अन्तर्राष्ट्रिय गन्तव्यमा सेवा दिँदै आएका छन् । यसअघि भैरहवा विमानस्थलमा कतार एयरवेज, फ्लाई दुबई, जजिरा, थाई एयर एसियाका साथै नेपालका हिमालय र नेपाल एयरलाइन्सले पनि अन्तर्राष्ट्रिय उडान गरिसकेका छन् ।


नगरबासीहरुमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्न गरौं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाँउमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

सुनवल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नवलपरासी, लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## संविधान संशोधनमा पर्याप्त गृहकार्य आवश्यक

सरकारले संविधान संशोधन कार्यदल गठन गर्ने निर्णय गरेको छ । कार्यदलको संयोजक प्रधानमन्त्रीका राजनैतिक सल्लाहकार असिम साह रहेका छन् । यो कार्यदलमा राजनैतिक दलहरुको संलग्नता हुने बताइएको छ । संविधान संशोधन जस्तो संवेदनशील विषयमा प्रधानमन्त्रीको सचिवालयबाटै संयोजनको जिम्मेवारी दिएर झट्ट हेर्दा प्राथमिकता दिए जस्तो देखिएपनि यो स्वभाविक देखिँदैन ।

संविधान संशोधनको कार्यदल बनाउँदा प्रधानमन्त्रीले पर्याप्त गृहकार्य गरेनन् । संविधानविद वा कानुनमन्त्रीलाई संयोजनको जिम्मा दिएर कार्यदल बनाएको भए प्रभावकारी हुन्थ्यो । राष्ट्रिय स्वतन्त्र पार्टी अहिले सत्तारुढ छ । रास्वपाले नै संशोधनको पहलकदमी दिएर अघि बढेको भए अझै राम्रो हुन्थ्यो । कार्यदलको संयोजक तोकिएका साह आफैँ संविधानबारे विज्ञ होइनन् । उनको विगतको पृष्ठभूमि व्यवसायिक छ । संविधान संशोधन जस्तो विषय संवेदनशील हो । यो विषयलाई अघि बढाउँदा ज्यादै ढंग पुऱ्याएर अघि नबढाउने हो भने बहुआयमिक समस्या ल्याउन सक्छ । अहिले राष्ट्रिय स्वतन्त्र पार्टीसँग झण्डै दुई तिहाइको बहुमत छ । झट्ट हेर्दा बलियो सरकार भएकाले र संसदमा रास्वपाको बलियो उपस्थिति भएकाले उसले अरु दलसँग समन्वय, सहकार्य र छलफल नगर्दा पनि हुन्छ । तर संविधान संशोधनमा सहमति र सहकार्य भएन् भने मुलुकमा बहुआयामिक द्वन्द्व हुने जोखिम हुन्छ । नेपालको संविधान झण्डै १० वर्षमा बन्न सम्भव भएको हो । पहिलो संविधानसभा संविधान नबनाइ विघटन भयो । दोस्रो संविधानसभाले संविधान बनाउन त सक्यो, तर त्यसले मधेसमा तनाव ल्यायो । छिमेकी भारतको रणनीतिक चालले मधेस अशान्त भयो । भारतले नाकाबन्दी लगायो । अब फेरि बाह्य चलखेल हुँदैन भन्ने निश्चित छैन । नेपालको आन्तरिक मामलामा बाह्य स्वार्थको चलखेल धेरै हुन थालेको छ । यो चलखेललाई सीमामा राख्न दृढ नेतृत्वले मात्रै सक्छ । र, त्यसका लागि अन्य राजनैतिक दलको समेत साथ आवश्यक पर्छ ।

सरकारले संविधान संशोधनका लागि छलफल खुला गर्दै गर्दा राजनैतिक दलबिच संवाद गरी संशोधनको विषयमा सहमति कायम गर्नुपर्छ । अहिले रास्वपाको उदयले अरु दल कमजोर भए पनि ती दलको असहमति हुँदा त्यसले समस्या चर्काउन सक्छ । शासकीय स्वरुप, निर्वाचन प्रणाली लगायतका विषयमा दलहरुका आ-आफ्नै मत छन् । यद्यपी दलहरुबिच अधिकतम साझा मिलनविन्दु पहिचान गर्न सम्भव छ । त्यसका लागि दलहरुसँग बलियो सहकार्य आवश्यक छ । त्यो सहकार्यका लागि रास्वपाको नेतृत्वले पहलकदमी लिए सम्भव हुनसक्छ । अहिले संयोजक तोकिएका गैरराजनैतिक व्यक्तिबाट यो संवेदनशील विषय टुंगोमा पुग्न कठिन छ । तर काम गर्दै गर्दा हो, मान्छेको पहिचान हुने । आशा गरौँ, तोकिएको जिम्मेवारी पूरा गर्न सल्लाहकार साह काविल हुनेछन् ।

## नेप्से परिसूचकमा दोहोरो अङ्कको सुधार



काठमाडौँ । यो साता कारोबारको सुरुआती दुई दिन उच्च अङ्कले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार भने दोहोरो अङ्कको सुधार देखिएको छ ।

नेप्से परिसूचक १९ दशमलव ७० अङ्कले बढेर दुई हजार ८५१ दशमलव ०९ को विन्दुमा कायम भएको हो । ३३९ कम्पनीको दुई करोड ७९ लाख ४२ हजार ७७९ कित्ता शेयर एक लाख ३७ हजार ८५७ पटक खरिद-बिक्री हुँदा ११ अर्ब ११ करोड २४ लाख १८ हजार ८०६ रुपैयाँ बराबरको कारोबार भएको छ ।

कारोबारमा म्युचुअल फन्ड शून्य दशमलव ०९ र अन्य समूह शून्य दशमलव ५५ अङ्कले घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ । बैङ्किङ शून्य दशमलव ७६, विकास बैङ्क शून्य दशमलव ९०, वित्त एक दशमलव १२, होटल तथा पर्यटन एक, जलविद्युत् शून्य दशमलव ७५ र लगानी समूह शून्य दशमलव ५६ प्रतिशतले बढेको छ ।

त्यस्तै, जीवन बिमा शून्य दशमलव ५२, उत्पादन तथा प्रशोधन एक दशमलव ९४, लघुवित्त शून्य दशमलव ५१, निर्जीवन बिमा शून्य दशमलव ७६ र व्यापार समूह शून्य दशमलव ७४ प्रतिशतले बढेको छ । कारोबारमा रिलायन्स स्पिनिङ मिल्स लिमिटेड, भुजुङ हाइड्रोपावर लिमिटेड, सुपर खुदी हाइड्रोपावर लिमिटेड, रिजलाइन इनर्जी लिमिटेड र होटल फरेस्ट इन लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने सप्तकोशी डेभलपमेन्ट बैङ्क लिमिटेडको शेयर मूल्य आठ दशमलव ९६ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै रिदी पावर कम्पनी लिमिटेडको ४८ करोड ४८ लाख ४६ हजार ४३३ रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै कुमारी बैङ्क लिमिटेडको १५ लाख ६० हजार ६१ कित्ता शेयर खरिद-बिक्री भएको छ ।

# नेपालमा वायु प्रदूषण : कार्बन मोनोअक्साइडको घातक असर कति ?



**निर्मल थारू**

स्वीस वायु गुणस्तर कम्पनी (ए क्यू एअर)ले नेपाललाई हाल सन् २०२६ मा इजिप्ट, अफगानिस्तान पछि तेस्रो वायु प्रदूषित देशको रुपमा प्रस्तुत गरेको छ । शिकागो विश्वविद्यालयअन्तर्गतको वायु गुणस्तर जीवन सूचांक परियोजनाको सन २०२५ को प्रतिवेदनले नेपाललाई तेस्रो प्रदूषित देशको रुपमा चित्रण गरेको छ । उक्त प्रतिवेदन अनुसार नेपालको वायुमा प्रदूषणबाट कुपोषणभन्दा १ दशमलव ५ गुणाभन्दा बढी र फोहोर पानीभन्दा ८ गुणा धेरै स्वास्थ्यमा असर पुऱ्याइरहेको छ । त्यसैगरी विश्व स्वास्थ्य संगठनले पनि विश्वकै वायु गुणस्तरको तथ्याङ्क राख्ने गर्दछ र यसमा पनि नेपालको अवस्था उस्तै देखिन्छ । नेपाल भारत र चिन जस्तो औद्योगिक राष्ट्र नभए पनि यहाँका केही उद्योगहरु बाहेक सार्वजनिक रुपमा चल्ने सबै निजी सरकारी र सार्वजनिक सवारी साधनहरुको उत्सर्जनले हदैसम्म स्थान विशेष र क्षेत्रगत रुपमा वायु प्रदूषण गरिरहेका छन् । नेपालमा हाल फोहोर पानी वा दूषित पानीबाट हुने मृत्यदर भन्दा वायु प्रदूषणबाट हुने मृत्यदर धेरै माथि पुगिसकेको छ । वायु प्रदूषणबाट हुने अल्पकालिन र दीर्घकालिन रोगहरुबाट समाज र अर्थतन्त्रलाई असर पुऱ्याउँछ नै यसबाट जन्मिने बच्चा र भविष्यलाई समेत असर गरिरहेको देख्न जरुरी छ । स्वास प्रस्वासको निम्ती वायु नै एउटै मात्रै स्रोत भएकोमा यसको स्वच्छताको ग्यारेण्टी सरकारले गर्नु पर्छ । काठमाडौं उपत्यकामा उद्योगहरुबाट २५ प्रतिशत वायु प्रदूषण हुन्छ भने सवारी साधनहरुबाट ३५ प्रतिशत वायु प्रदूषण हुन्छ । सडक क्षेत्रमा रहेका सबै व्यक्ति र वरपर रहेका बस्तीहरुको निम्ती वायु प्रदूषणको मूख्य स्रोत नै सावरी साधनहरु नै हुन् ।

पेट्रोल वा डिजेल इञ्जिनहरुभित्र इन्धन जल्नको लागि अक्सिजन चाहिन्छ । इञ्जिनले हावा तान्दा हावाको अक्सिजनसँगै नाइट्रोजन ग्यास पनि छिर्छ । इन्धनहरु कार्बन र हाइड्रोजनले बनेको र हावामा अक्सिजनभन्दा बढी नाइट्रोजन हुने हुँदा सवारी साधनहरुबाट उत्सर्जन हुने धुवाँमा मूख्यतः कार्बन डाइअक्साइड,कार्बन मोनोअक्साइड, नाइट्रोजनका अक्साइड र पूर्णरुपले जल्न नसकेको इन्धनबाट हाइड्रो-कार्बनहरु र कणको रुपमा ब्ल्याक कार्बन हुन्छन् । इञ्जिनभित्रको उच्च तापक्रममा नाइट्रोजन ग्याँस अक्सिजनसँग प्रतिक्रिया भई नाइट्रिक अक्साइड बन्छ र इञ्जिन बाहिर उत्सर्जन हुन्छ । गुणस्तरहीन इन्धनमा सल्फर समेत हुन्छ र यसबाट सल्फर डाइअक्साइड उत्सर्जन भइरहेको हुन्छ । यी सबै उत्सर्जनहरु सिधै हामीले स्वास लिने वायुमा मिसिरहेका हुन्छन् । स्वास प्रस्वासकै प्रकृयाबाट यिनीहरु हाम्रो नाक, घाँटी, फोक्सोमार्फत् रगतमा मिसिएर मुटु हुँदै शरीरका विभिन्न अंग प्रत्यगंमा पुगेर असर गरिरहेका हुन्छन् । हुन त इञ्जिनहरुबाट निस्कने प्रदूषक ग्यास र कणहरु विभिन्न खालका हुन्छन् र विभिन्न तरिकाले वायु प्रदूषण गरेर स्वास्थ्यजन्य जोखिम र असर गरिरहेका हुन्छन् । यस लेखमा मुख्य रुपमा कार्बन मोनोअक्साइडसँग सम्बन्धित असर र मापदण्डको परिचर्चा गरेर अन्य ग्याँसहरु समेत सोही तरिकाले वायु प्रदूषण र स्वास्थ्य जोखिम गरिरहेका छन् भन्ने कुरा बुझ्न सजिलो हुन्छ ।

कार्बन मोनोअक्साइड रंग रहित, गन्धरहित इन्धनको अपूर्ण जलनबाट उत्सर्जन हुन्छ । इञ्जिनहरुबाट सरदरमा १ लिटर पेट्रोल खपत हुँदा २० देखि ५० ग्राम सम्म र डिजेल इञ्जिनबाट ५-१५ ग्राम सम्म कार्बन मोनोअक्साइड उत्सर्जन हुन्छ । कारहरुले सामान्यतया प्रति किलोमिटर लगभग ३ ग्राम बराबर कार्बन मोनोअक्साइड उत्सर्जन गर्छन् । मोटरसाइकलबाट २ ग्राम र ट्रकहरुबाट ४.५ ग्राम प्रति कि.मि. कार्बन मोनोअक्साइड उत्सर्जन हुन्छन् । कार्बन मोनोअक्साइडले रक्त कोषिकाहरुमा हुने अक्सिजन विस्थापित गरी अक्सिजनयुक्त रक्तकोषिकाको सट्टा कार्बन मोनोअक्साइड युक्त रक्तकोषिका बनाउँछ र यसबाट शारीरिक अक्सिजन घटेर स्नायु प्रणाली सुस्त बनाउँछ र धेरै मात्रामा ज्यान पनि लिन्छ ।

सडक विभागको सन् २०२४/०२५ को अनलाइन राजमार्ग व्यवस्थापन सूचना प्रणालीमा उपलब्ध एक दिनको तथ्याङ्क विश्लेषण गर्दा बुटवलको राजमार्ग चौराहामा प्रति घण्टा ९९ वटा ट्रक, ९४ वटा बस, कार ८२ वटा, मोटरसाइकल ३९२ वटा,पिकअप ४४ वटा, ट्र्याक्टर ६ वटा, तीन पाङ्ग्रे ५५ वटा गुडेको देखिन्छ । सावरी साधनहरु चल्ने मुख्य समय बिहान ६ बजेदेखि राती १० बजेसम्म गरि १६ घण्टाको आधारमा उल्लेखित सवारी साधनहरुको संख्याहरु निकालिएका हुन् । एक किलोमिटर राजमार्गमा दायाँ बायाँ गरी ५० मिटर सडक क्षेत्र र मानिसको औषत उचाई ६ फिट लिँदा स्वास प्रस्वास हुने वायुमण्डलको आयतन ९० हजार घन मिटर हुन्छ । यसमा चल्ने सबै सवारी साधनहरुबाट भएको प्रति घण्टाको उत्सर्जनको हिसाब गर्दा १ घण्टामै ३६ दशमलव ७५ ग्राम अर्थात् ३२ हजार पिपिएम कार्बन मोनोअक्साइड उत्सर्जन हुन जाने देखिएको छ । अमेरिकाको व्यवसायिक सुरक्षा तथा स्वास्थ्य निकाय (ओशा) ले कार्यस्थलको वायुमा ८ घण्टाको अवधिमा ५० पिपिएमभन्दा धेरै कार्बन मोनोअक्साइड हुनु हुदैन भन्ने मापदण्ड राखेको छ । तर बालबालिका र अशक्तहरुलाई समेत हेरबिचार गरी अमेरिकाकै वातावरण संरक्षण प्राधिकरण (इपिए)ले ८ घण्टे अवधिमा कार्बन मोनोअक्साइडको मात्रा ९ पिपिएम तोकेको छ । विश्व स्वास्थ्य संगठनले कार्बन मोनोअक्साइडको २४ घण्टाको सरदर मात्रा ४ पिपिएम तोकेको छ ।

उपत्यका जस्तो भू-संरचना भएको र हावाको बहाव र मिश्रण न्यून भएको क्षेत्रमा उत्सर्जन भएका प्रदूषकहरुको मात्रा बढेर अन्य खुला स्थानभन्दा धेरै असर गर्छ । कार्बन मोनोअक्साइड २०० पिपिएमको मात्रा पुग्दा मानिसमा निर्णय लिने क्षमतामा ह्रास हुने र चालकहरुमा ट्राफिक प्रति ध्यान गुम्ने, ब्रेक लगाउने निर्णय नै ढिलो गर्ने र यसको कारण सडकमा भएका प्रायः जसो दूर्घटनाहरुमा कार्बन मोनोअक्साइड मूख्य प्रदूषक हुन्छ । यस ग्याँसले मानिसलाई अचेतनातर्फ लैजान्छ । निदाएको बेला वा बन्द कोठा भित्र आगलागी हुँदा वा कोइला/दाउरा वा ग्याँस बालेर सुत्दा कार्बन मोनोअक्साइडले सबैलाई अचेत गराइसकेको हुन्छ र आगलागी फैलिँदा समयमै भाग्न नसकेर जलेर मृत्य भएको दूर्घटनाहरु समय समयमा समाचारको रुपमा आउने गरेको हमी सबैलाई थाहा छ । कार्बन मोनोअक्साइडको मात्रा १६०० पिपिएम पुग्यो भने एक घण्टा भित्र मानिसको ज्यान जाने हुन्छ ।

नेपाल सरकारले पहिले अबलम्बन गरेको सवारी साधन उत्सर्जन सम्बन्धी यूरो ४ को मापदण्ड जून सन २००५ देखि लागू भएको थियो, सो बमोजिम कार्बन मोनोअक्साइडको मापदण्ड मात्रा डिजेल इञ्जिनको लागि ० दशमलव ५ ग्राम/कि.मि. र पेट्रोल इञ्जिनको लागी १ ग्राम/कि.मि. रहेको थियो । नेपालको सवारी प्रदूषण मापदण्ड २०६९ ले हलुका कारको लागि प्रति किलोमिटर कार्बन मोनोअक्साइडको उत्सर्जन २ दशमलव ३ ग्राम, मिनिबसबाट ५ दशमलव २२ ग्राम सम्म, डिजेल गाडीबाट २.१ ग्राम सम्म हुनु पर्ने मापदण्ड तोकेको थियो । तर सो बेला यस सम्बन्धमा कही कतैबाट अध्ययन गरिएन । हाल युरो ६ लागू भएको र यस मापदण्डमा प्रदूषक तत्वहरुको मात्रा अझ न्यून भए पनि नेपालमा चलिरहेका अधिकाँश सवारी साधनहरु प्रायः यूरो ४ स्तरको नै भएको र केही त अझ पहिले नै निर्मित भएका सवारी साधनहरु छन् । सवारी साधन चल्नै नसक्ने भए पश्चात मात्रै मर्मत सम्भार गर्ने हाम्रो बानी छदैछ, अझ विडम्बनाको रुपमा काठमाडौं बाहेक अन्य सडकहरुमा सवारी साधनहरुको धुवाँको गुणस्तर नियमन जस्ता कार्यहरु प्रभावकारी रुपमा हुन सकेका छैनन् । यातायात व्यवस्था कार्यालयले सवारी दर्ता र नविकरणको बेला गर्ने धुवाँ परीक्षण, त्यो पनि कार्यालय परिसरभित्र गर्ने हुनाले बाहिर सडक र सार्वजनिक स्थानहरुमा सवारी साधनको धुवाँ समेतको गुणस्तर के छ भनेर हेर्ने निकाय पनि छैनन् । वातावरण विभागले विभागीय कार्यहरु गर्नुपर्नेमा सडकमा उत्रेर धुवाँ परीक्षण गर्ने परेको छ । अर्थात् सडकमा प्रदूषण नियमन गर्नको लागि प्रदेश एवं स्थानीय तहहरुलाई परिचालन गरिएको छैन । विगत केही वर्ष देखि हलुका सवारी साधनहरु विद्युतीय गाडीको रुपमा उपलब्ध हुँदै आएका भए पनि हाल सडकहरुमा गुडिरहेका डिजेल र पेट्रोल इञ्जिनहरु अहिले पनि वायु प्रदूषणको मूख्य कारकको रुपमा देख्न सकिन्छ । इन्धनमा १० देखि २० प्रतिशतसम्म इथानोल मिसाउने नेपाल सरकारले हालै नीति ल्याएको छ । तर चलन चल्तीमा रहेका सवारी साधनहरुका इञ्जिनहरु पनि इथानोल मिश्रणको लागि बनेका होइनन् । इथानोलले सजिलै अलुमिनियम, तामा र रबरहरुलाई क्षय गर्न सक्ने भएकोले नेपालका अधिकांश पुराना गाडीहरुको मर्मत खर्च बढ्न सक्ने सम्भावना भए पनि दश प्रतिशत सम्मको इथानोल मिश्रणले प्रदूषण नियन्त्रणमा सहयोग हुने देखिन्छ । तर व्यापक रुपमा प्रयोग हुने दश प्रतिशतभन्दा धेरै मात्रामा इथानोल इन्धनमा मिसाउन सोही अनुसारले इञ्जिन पनि बनेको हुनुपर्छ, नभए प्रदूषण बढ्न सक्छ ।

पेट्रोल र डिजेलमा आधारित हेभी ट्रक र बसहरुबाट प्रति किलोमिटर १०.१ ग्रामसम्म र मोटरसाइकलबाट ० दशमलव ४ ग्राम प्रति किलोमिटरसम्म नाइट्रोजन अक्साइडहरु उत्सर्जन हुन्छन् । नाइट्रिक अक्साइड वायुमा उत्सर्जन हुँदा अक्सिजनसँग प्रतिक्रिया गरेर नाइट्रोजन डाइअक्साइड बनाउँछ । सुनौलो र खैरो रंग हुने यस नाइट्रोजन डाइअक्साइडमा नाक, घाँटी र आँखा पिरो गराउने र स्वास नली र छाती भित्र रहेको वाफ (पानी) सँग प्रतिक्रिया गरी अम्ल (एसिड) बनाउने र दीर्घकालिन रुपमा अस्थमा वा दम रोग निम्त्याउने उच्च जोखिम हुन्छ । सूर्यको किरणमा नाइट्रोजन डाइअक्साइड र अक्सिजन एक आपसमा प्रतिकृया भई ओजोन ग्याँस बन्छ । ओजोन ग्यास प्राणघातक ग्याँस हो र यसलाई कीटनाशकको रुपमा प्रयोग गर्ने गरिएको हामी सबैलाई थाहा छ । तर कीरा मार्न सक्ने रसायनले हाम्रा संवेदनशील अंगहरुलाई पनि असर गर्छ । इन्धन जलेर उत्पन्न हुने नाइट्रोजन डाइअक्साइड,अक्सिजन र जल्न नसकेका हाइड्रो-कार्बन मिलेर वायुमा परअक्जि-एसिटाइल-नाइट्रेट वा पि.ए.एन बन्छ जुन एकदमै क्रियाशील हुन्छ अर्थात जे पनि यसको सम्पर्क आयो भने तुरुन्तै क्षयीकरण सुरु हुन्छ । पि.ए.एन.ले सम्पर्कमा आउने शरीरको अंग-प्रत्यङ्गसँग नै रसायनिक प्रतिक्रिया गर्न सक्ने क्षमता हुन्छ । अझ नाइट्रोजन डाइअक्साइड,ओजोन र पि.ए.एन. मिश्रण हुँदा वायुमा सुनौलो-खैरो रंगको तुवालो बन्छ र सो तुवाँलो युक्त वायु श्वाँस प्रश्वाँस लिने सबैको लागि प्राणघातक हुन्छ । भौगोलिक रुपमा बन्द रहेका उपत्यका जस्ता स्थानहरुमा र हावा नचल्ने मौसमको बेला अत्यधिक ट्राफिकले गर्दा नाइट्रोजन डाअक्साइड,ओजोन, पि.ए.एन. र खैरो तुवाँलो एकै साथ बनिरहेको हुन्छ । यस खालको तुवाँलोबाट दीर्घकालिन रुपमा आँखा सम्बन्धी रोग, स्वास -प्रस्वास सम्बन्धी रोग,फोक्सोसम्बन्धी रोग, मुटु र रगतसम्बन्धी समस्या आउने हुन्छ ।

विश्व स्वास्थ्य संगठनले १० माइक्रोग्राम नाइट्रोजन डाइअक्साइडको मात्रा नै जोखिमपूर्ण ठहर गरेको र २४ घण्टाको समयमा २५ माइक्रोग्राम प्रति घन मिटर सम्म र वार्षिक सरदर १० माइक्रोग्राम प्रति घन मिटर सम्म कायम गर्नुपर्ने निर्देशन गरे पनि हाल नेपालको राष्ट्रिय वायु गुणस्तर मापदण्ड २०६९ ले नाइट्रोजन डाइअक्साइड २४ घण्टा सम्म ८० माइक्रोग्राम प्रति घन मिटर तोकेको छ जुन तुरुन्तै संशोधन गर्नु पर्ने देखिन्छ । हाइड्रोकार्बन र नाइट्रोजनका अक्साइडबाट बनेको खैरो तुवाँलोमा बेन्जिन, ब्यूटाडिन, एल्डेहाइड, टोल्यूइन, जाइलिन जस्ता पोलिसाइक्लिक एरोमेटिक हाइड्रोकार्बन (पि.ए.एच.) हुन्छन् । यी सबै रसायनहरु अर्बुदरोग (क्यान्सर) का कारक हुन् र फोक्सो, रगतमार्फत् मुटु र मूत्र थैली सम्म पुगेर क्यान्सर लगाउने कारकको रुपमा पहिचान गरिएको छ । ताइवानको एक अध्ययनमा ० दशमलव १ पिपिएमले वायुमा हाइड्रो कार्बन बढ्दा सर्वसाधरणको ,स्वास-प्रस्वास र रक्तसंचार सम्बन्धी समस्या लगभग १ प्रतिशतले बढ्दै जाने तथ्य पनि पाइएको छ । नेपालको राष्ट्रिय वायु गुणस्तर मापदण्ड २०६९ मा तोकिएको बेन्जिन पनि एक हाइड्रोकार्बन हो र यसको मापदण्ड मात्रा वार्षिक सरदर ५ माइक्रोग्राम प्रति घन मिटर (० दशमलव १५ पिपिएम) तोकिएको छ । तर हावामा हुने बेन्जिन घातक रसायन भएकोले वार्षिक भन्दा पनि कम्तीमा ८ घण्टाको मात्रा तोकिन पर्ने र अन्य रसायनहरुको प्रभावकारी सूचक बेन्जिन नहुने भएकोले पि.ए.एच.लाई समेत मापदण्डमा ल्याउन उपयुक्त देखिन्छ । विश्व स्वास्थ्य संगठनले बेन्जिनको ८ घण्टाको सरदर मात्रा ० दशमलव ००३ मिलिग्राम प्रति घनमिटर (० दशमलव ००१ पिपिएम भन्दा पनि थौरै) पि.ए.एच.को मात्रा ० दशमलव ००००८७ न्यानोग्राम प्रति घन मिटर तोकेको छ जुन क्यान्सर लगाउन सक्ने मात्रामा आधारित छ ।

हालको हाम्रो वायुमण्डलमा प्रति दश लाख भागमा ४३० भाग (४३० पिपिएम वा ० दशमलव ०४३ प्रतिशत) कार्बन डाइअक्साइडको मात्रा पुगेको छ । कोइला, पेट्रोल डिजल प्रयोग शुरु हुनु भन्दा पहिलेको वायु मण्डलमा यसको मात्रा २८० पिपिएम (० दशमलव ०२८ प्रतिशत) भन्दा न्यून रहेको अनुमान छ । औद्योगिकरण र सवारी साधन मूख्य उत्सर्जक रहेकोले वायुमा कार्बन डाइअक्साइडको मात्रा बढ्दै गइरहेको छ । यदि हाम्रो पृथ्वीको वायुमा कार्बन डाइअक्साइडको मात्रा ६०० पिपिएम (० दशमलव ०६ प्रतिशत) मात्रै पुग्ने हो भने पनि केही घण्टामै हामी मानसिक रुपमा कार्य गर्न असक्षम हुन सक्छौं । वायुमा ५ प्रतिशत कार्बन डाइअक्साइडको मात्रा पुग्यो भने मुटुको चाल र रक्त संचार सुस्त हुन जाने र एशिडोसिस (अम्लिय रगत) भई हामी अचेत हुँदै जान्छौं । कार्बन डाइअक्साइडको मात्रा १४ प्रशितभन्दा माथि हुँदा मानिसलाई केही सेकेन्डमै बेहोस बनाउन सक्छ । कार्बन डाइअक्साइड ग्याँस अक्सिजन ग्याँसभन्दा गह्रुँगो हुने भएकोले यो वायुमण्डलको माथिभन्दा पनि तल पिंध वा पृथ्वीको सतहमा जम्मा भएर बस्छ । इनार, गूफा जस्ता खाल्डा खुल्डीमा अक्सिजन विस्थापित गरेर कार्बन डाइअक्साइड ग्याँस जम्मा हुने भएकोले इनार वा गहिरो गुफामा पसेका मानिसहरु अचेत भइ मृत्यु भएको घटना हामी सुनिरहेका हुन्छौं । कार्बन डाइअक्साइड ग्याँसले ताप सोसेर राख्ने भएकोले यसलाई हरीत गृह ग्याँस पनि भनिन्छ । वायुमण्डलमा कार्बन डाइअक्साइडको मात्रा बढ्दै जाँदा यसबाट वायुको तापक्रम बढिरहेको हुन्छ । प्रति १०० पिपिएम कार्बन डाइअक्साइडको वृद्धिले वायुको तापक्रम १० सेन्टिग्रेडले बढ्ने तथ्य उजागर भएको देखिन्छ । वायुमा ग्याँसहरु सहजै मिश्रण भई पातलिने, बहेर जाने र घाम लागेको बेला बोट बिरुवाले कार्बन डाइअक्साइड सोस्ने भएकोले कार्बन डाइअक्साइडको प्रभाव हामीले अनुभव गर्दैनौ । नेपालको वायु गुणस्तर मापदण्ड २०६९ र सवारी प्रदूषण मापदण्ड २०६९ दुवैमा कार्बन डाइअक्साइड उत्सर्जनको मापदण्ड राखिएको छैनन् ।

युरोपियन राष्ट्रहरुको लागि सवारी साधनको प्रदूषण मापदण्ड युरो ६ सन २०१४ मै लागू भएर हाल सन २०२१ मा ल्याइएको युरो ६ डी लागू छ । यस मापदण्डमा सवारी साधनको वर्गिकरण गरेर उत्सर्जनका सीमाहरु तोकिएका छन् । पेट्रोलमा आधारित सेडान, ह्याचब्याक, एसयूभी कारहरुको वर्ग (एम १) को लागि प्रति किलोमिटर कार्बन मोनोअक्साइड १ ग्राम, नाइट्रोजनका अक्साइडहरु ० दशमलव ०६ ग्राम, कणजन्य उत्सर्जन (डाइरेक्ट इग्निशन) ० दशमलव ००५ ग्राम र २३ न्यानोमिटर व्यास भएका कण (पि.एन.) हरुको संख्या ६ खर्ब सम्म राखिएको छ । त्यसै गरी डिजेलमा आधारित कारहरुको लागी कार्बन मोनोअक्साइड ० दशमलव ५ ग्राम, नाइट्रोजन अक्साइडहरु ० दशमलव ००८ ग्राम र बाँकी अन्य प्रदूषक तत्वहरुको लागि पेट्रोल कारहरुकै सरह रहेको छ । त्यसै गरी १ दशमलव ३ देखी १ दशमलव ८ टन वजन सम्मका यात्रुबाहक गाडीहरुको लागि नइट्रोजन अक्साइडहरुको मात्रा प्रति किलोमिटर ०दशमलव ०८ ग्राम देखि ० दशमलव १२५ ग्रामसम्म तोकिएका छन् भने समग्र प्रदुषक कणहरुको लागी ० दशमलव ००५ ग्राम प्रति किलोमिटर तोकिएका छन् ।

यस वर्गभन्दा बढी वजन भएका सवारी साधनहरुको लागी प्रति किलोमिटर नाइट्रोजन अक्साइडहरु ० दशमलव ४ ग्राम, कणहरु ० दशमलव ०१ ग्राम, हाइड्रोकार्बन ० दशमलव १३ ग्राम, कार्बन मोनोअक्साइड १ दशमलव ५ ग्राम र १ किलोवाट बराबरको शक्ती दिने इञ्जिनले १ घण्टासम्म इन्धन खपत गर्दा पि.एन. (व्यास २३ नानोमिटर) कणहरुको संख्या अधिकमा ८ खर्ब सम्म हुनु पर्ने उल्लेख गरेको छ। युरोपमा मोटरसाइकलको लागि युरो ५ मा केही संशोधन गरी यूरो ५+ लागू गरिएको छ । यस युरो ५+ मा १२५ सिसिभन्दा माथिका मोटरसाइकलको लागि प्रति कि.मि. कार्बन मोनोअक्साइड १००० मिलिग्राम, नाइट्रोजन अक्साइडहरु ६० मिलिग्राम, हाइड्रोकार्बन १०० मिलिग्राम, धुलोका कणहरु ४ दशमलव ५ मिलिग्राम र पि.एन. (व्यास २३ नानोमिटर) कणहरुको संख्या ६ खर्ब नै राखिएको छ । हाल प्रचलनमा रहेको सवारी साधन प्रदूषणका मापदण्डहरु युरोप, जापान, चीन, दक्षिण कोरिया र भारतको एउटै रहेको छ । नेपालमा हाल सवारी साधनको लागि युरो ६ लागू भएको र अन्तर्राष्ट्रिय लक्ष्यहरु बमोजिम अन्य राष्ट्रहरु जस्तै नेपालले पनि सन २०३५ सम्म नीजि तथा सार्वजनिक सवारी साधनहरु सबै विद्युतीय हुने प्रतिबद्धता जाहेर गरिसकेको छ ।

यातायात व्यवस्था विभागको सन २०१८ को प्रतिवेदन बमोजिम नेपालमा हाल सम्म कूल ३२ लाखभन्दा बढी सवारी साधन दर्ता भइसकेका छन् । यसमा मोटरसाइकल मात्रै करिब २५ लाख संख्यामा दर्ता रहेका छन् । कार जीपहरुको संख्या २ लाख ३७ हजार र १ लाख ४३ हजार भन्दा बढी संख्यामा ट्रेक्टरहरु दर्ता रहेका छन् । यस प्रतिवेदन बमोजिम नेपालमा बसको संख्या करिब ५० हजार छ भने डोजर/क्रेन वर्गका सवारी मेशिनहरु ९० हजारको संख्यामा दर्ता रहेको देखिन्छ । इ-रिक्सा भने करिब २६ हजार भन्दा बढिरहेको उल्लेख छ । तर हाल ५/६ वर्षको दौरानमा सवारी साधनको संख्या स्वाभाविक रुपमा अझै बढेको अनुमान गर्न सकिन्छ । विगत केही वर्षहरुको बिक्री दर हेर्दा ८० प्रतिशत सवारी साधनहरु इ.भि. (विद्युतीय) वर्गका रहेको पाइन्छ । तर जति नै दर्ता भए पनि स्थानको वायु प्रदूषण सो स्थानमा गुड्ने सवारी साधनहरुको संख्याले निर्धारण गर्दछ । यस्तै अनुपातमा नाइट्रोजन डाइअक्साइड, सल्फर डाइअक्साइड जस्ता अन्य ग्याँसहरुले पनि सडक क्षेत्र र वरपर दूषित गरिरहेका छन् । विद्युतीय सवारी साधनको खरिद बिक्री बढ्नुको अर्थ सडकमा डिजेल र पेट्रोल गाडीहरुको संख्या हाल घटिरहेको मान्न सकिदैन ।

विश्व स्वास्थ्य संगठनको वायु गुणस्तर निर्देशिका २०२२ अनुसार ८ घण्टा सम्मको उत्सर्जन हुँदा १ घनमिटर (अर्थात १००० लिटर)को वायुमा ० दशमलव ००२५ सेन्टिमिटर (२ दशमलव ५ माइक्रोमिटर) व्यास भएका कणहरु जसलाई पि.एम.२.५ (ए:२ दशमलव ५) पनि भनिन्छ, यसको मात्रा ० दशमलव ००००५ ग्राम (५ माइक्रोग्राम) र २४ घण्टाको वायुमा १५ माइक्रोग्राम (० दशमलव ००००१५ ग्राम) भन्दा बढी हुनु हुँदैन भनी तोकेको छ । त्यसै गरी नाइट्रोजन डाइअक्साइड (एनओ २) मात्राको ८ घण्टाको अवधीमा १० माइक्रोग्राम र २४ घण्टामा २५ माइक्रोग्राम हुनु पर्ने र कार्बन मोनोअक्साइड(सीओ)को मात्रा २४ घण्टामा ४ माइक्रोग्राम हुनुपर्ने निर्देशन राखेको छ । यसै गरि नेपालले २४ घण्टामा पि.एम.२ दशमलव ५ को मात्रा ४० माइक्रोग्राम, नाइट्रोजन डाइअक्साइडको मात्रा ८० माइक्रोग्राम, कार्बन मोनोअक्साइडको मात्रा ८ घण्टामा १० हजार पिपएम राखिएको छ । राष्ट्रिय वायु गुणस्तर मापदण्ड २०६९ जारि भएपश्चात् यसको आधारमा नेपालको वायु

» बाँकी ३ पेजमा........

# व्यापार संघमा थान कपडा वस्तुगत उपसमिति गठन




बुटवल १७ चैत्र । आफ्नो वार्षिक कार्यतालिका अन्तरगत रुपन्देही व्यापार संघमा आबद्ध विभिन्न प्रकृतिका व्यवसाय संचालन गर्ने व्यवसायी सदस्यहरुलाई गोलबन्द गर्ने लक्ष्य अनुसार वस्तुगत भेलालाई तिव्रता दिएको छ।

रुपन्देही व्यापार संघमा आबद्ध थान कपडा व्यवसायीहरुको वृहत भेलाले वस्तुगत उपसमिति पुर्नगठन गरेको छ । संघको सचिवालयमा भएको उक्त भेलाले भिष्मप्रसाद सापकोटाको संयोजकत्वमा ७ सदस्यीय थान कपडा वस्तुगत उपसमिति गठन गरेको हो ।

थान कपडा वस्तुगत उपसमितिको सह-संयोजकमा सागर पन्थी, सचिवमा कृष्ण पौडेल, सह-सचिवमा दिपककुमार

श्रेष्ठ र कोषाध्यक्षमा पदमप्रसाद नेपाल रहनु भएको छ । यस्तै सदस्यहरुमा भेषराज अर्याल, अजय नेपाल र सल्लाहकारमा नेदिराम ज्ञवाली, विष्णु पौडेल रहनु भएको छ।

भेलामा बोल्दै कार्यक्रमका प्रमुख अतिथि संघका अध्यक्ष प्रकाश ढकालले व्यवसायीहरुको एकताले मात्र व्यवसायिक समस्या समाधान गर्न सकिने बताउदै संघका लागि वस्तुगत उपसमितिहरु आधारस्तम्भ भएको जिकिर गर्नु भयो। उहाँले संघको गरिमा र उद्देश्य पुरा गर्न उपसमितिको सक्रियता र व्यवसायीहरुको खबरदारी जरुरी हुने उल्लेख गर्दै व्यापार संघ सधै व्यवसायीहरुको पक्षमा उभिने प्रतिवद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा संघका सह-सचिव एवं वस्तुगत उपसमितिका संयोजक नलराज नेपालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो भने कार्यक्रममा नवनिर्वाचित संयोजक भिष्मप्रसाद सापकोटाले व्यावसायिक गतिविधिहरुमार्फत् संघलाई थप उचाईमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

यस्तै कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष दयानिधि भण्डारी, महासचिव प्रकाशराज पौडेल, कोषाध्यक्षमा अर्जुनप्रसाद भट्टराई सचिव जयलाल न्यौपाने, सचिव वृन्दा भट्टराई आचार्य, वस्तुगत उपसमितिका संयोजक एवं संघका सह-सचिव नलराज नेपाल, कार्यसमिति सदस्य हरि सुनारलगायतले उपसमितिको सकृयता र क्रियाशिलताले संघको गतिविधि आम उपभोक्ता तथा व्यवसायीमा पुग्ने हुदा अझ उत्कृष्ट काम गर्न सुझाव दिनु भयो।

# रूपन्देही उद्योग संघमा प्लाष्टिक वस्तुगत समिति गठन

बुटवल रुपन्देही उद्योग संघमा आबद्ध प्लाष्टिक उद्योगीहरुको भेलाले मंगलबार प्लाष्टिक वस्तुगत समिति गठन गरेको छ संघका प्रथम उपाध्यक्ष एवं कार्यक्रम संयोजक हरिबहादुर खत्रीको अध्यक्षता एवं संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीको प्रमुख आतिथ्यता, संघका पदाधिकारी तथा कार्य समिति सदस्यहरु एवं प्लाष्टिक उद्योगीहरुको उपस्थितीमा भेला सम्पन्न भ एको हो

प्लाष्टिक उद्योगीहरुको भेलाबाट फाइभ स्टार म्याट उद्योगका सञ्चालक केशरमणी पौडेलको संयोजकत्वमा ७. सदस्यीय वस्तुगत समिति गठन गरिएको छ गठित समितिको सह-संयोजकमा पूजा प्लाष्टिक इण्डष्ट्रिज उद्योगका लोकनाथ भट्टराई, सचिवमा तिलगंगा प्लाष्टिक उद्योगका श्री लोकेन्द्र सिंह आङबुहाङ, सदस्यहरुमा शुभम प्लाष्टिक उद्योगका श्री शिवप्रसाद भट्टराई , सत्यम पोलिमर्स उद्योगका शिशिर पौडेल, नेबिगोल्ड प्लाष्टिक इण्डष्ट्रिज प्रा.लि.का लक्ष्मण प्रसाद गैरे र श्री पवन पुत्र प्लाष्टो इण्डष्ट्रिज प्रा.लि.का श्रृजन पाण्डे रहेका छन्

भेलाले समितिको सल्लाहकारहरुमा संघका प्रथम उपाध्यक्ष हरिबहादुर खत्री, द्वितीय उपाध्यक्ष युवराज आचार्य, महासचिव सुमन बस्याल, कार्य समिति सदस्य प्रज्वल थान्जु,लाल प्रसाद बस्याल(दिपक),दिलु शाही र सल्लाहकार हिरामणी भट्टराई लाई चयन गरेको छ

संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले भेलामा सम्बोधन गर्दै नव गठित समितिलाई बधाई एवं शुभकामना दिएका थिए उनले उद्योगीका समस्याहरु बुँदागत र तथ्यगत रुपमा अध्ययन गरी रुपन्देही उद्योग संघसम्म ल्याईपुऱ्याउन आग्रह गर्दै समिति क्रियाशिल ढंगबाट औद्योगिक विकासमा कटिबद्ध रहने विश्वास व्यक्त गरे

भेलामा नव गठित समितिका संयोजक केशरमणी पौडेलले हाल प्लाष्टिक जन्य उद्योगीहरुले विषम परिस्थिति झेलीरहेको जानकारी गराउँदै उद्योगीहरुलाई गोलबन्द गरी सामूहिक आवाज उठाउने र औद्योगिक विकासमा क्रियाशिल रहने प्रतिबद्धता व्यक्त गरे कार्यक्रम संयोजक तथा प्रथम उपाध्यक्ष हरिबहादुर खत्रीले स्वागत गर्दै वस्तुगत समिति गठनको उद्देश्य माथि प्रकाश पारेका थिए

संघका सचिव अशोक कुँवरको सञ्चालनमा सम्पन्न भेलामा संघका कोषाध्यक्ष विशाल बेलवासे कार्यसमिति सदस्य प्रज्ज्वल थान्जु, लालप्रसाद बस्याल(दिपक) र दिलु शाही एवं विभिन्न प्लाष्टिक उद्योगीहरुको उपस्थिति रहेको थियो भेलामा संघका द्वितीय उपाध्यक्ष युवराज आचार्यले धन्यवाद ज्ञापन गरेका थिए

---

**नेपालमा वायु**.........

गुणस्तर के कस्तो छ भन्ने आवधिक अध्ययन गरी सार्वजनिक रुपमा नागरिकहरु माझ सूचना प्रभाव भएको कतै देखिंदैन। वि.सं. २०७३/०७४ देखी हाल सम्म जडान गरिएका ३१ वटा वायु गुणस्तर मापन केन्द्रहरु मध्ये हाल जम्मा १२ वटाले मात्रै काम गरिरहेका छन्। पोलुसन डट जिओभी डट एनपी मार्फत उपलब्ध गरिएको वायु गुणस्तरको जानकारीमा पि.एम.का कणहरु बाहेक अन्य प्रदूषक तत्वहरुको तथ्याङ्क राखिएको देखिंदैन। तोकिएका मापदण्ड बमोजिम प्रदूषकहरु नाप जाँच गर्ने संस्थागत र प्राविधिक क्षमता र विषयगत जनशक्ति परिचालन नभएकोले यस प्रति नेपालको क्षमता बनिसकेको छैन । यातायात व्यवस्था हेर्ने निकायले सवारी दर्ता र नविकरणको बेला प्रदूषक ग्याँस जाँच गरिने कार्यबाट मात्रै वायु प्रदुषणको रोकथाम गर्न सकिंदैन। वातावरण भनेकै व्यक्ति र जनसंख्याको हुने भएकोले सार्वजनिक स्थान र वायुमा सवारी साधनबाट हुने उत्सर्जन र प्रदूषण वातावरणीय रुपले अझ संवेदनशील हुन्छ। नेपाल सरकारको जलवायु परिवर्तनसम्बन्धी दूर्गामी योजना (राष्ट्रिय निर्धारित लक्ष्य ३.०) मा पनि हाल उत्सर्जन भैरहेको प्रदूषण रोकथाम र हाल गुडिरहेका डिजेल र पेट्रोल इञ्जिनहरुलाई प्रभावकारी रुपले सम्बोधन गरेको देखिदैन, बरु सन २०३५ सम्म सबै निजी र सार्वजनिक सावरी साधनहरु विद्युतीय हुने भनी लक्ष्य तोकिएको पाइन्छ। सरकारबाट डिजेल/पेट्रोल बिक्री वितरण वापत प्रदुषण शुल्कको नाममा हाल सम्म उठाइएको करिब रु २ अर्ब ४८ करोड पनि परिचालित गरिएको छैन। देखासिकी गरेर र उद्देश्य बिनाको कर उठाँउदा केमा र कसरी खर्च गर्ने भनी टुंगो लगाउन नसकिने भएकोले यस्तो हुन गएको भन्न सकिन्छ।

प्रचलित वायु गुणस्तर मापदण्ड २०६९ स्वच्छता र स्वास्थ्यको लागी पर्याप्त छैनन्। नेपालमा कुन ग्याँसले के कति शरीरलाई हानी गर्छ भन्ने अध्ययनहरु भएको भए त्यही आधारमा वायु गुणस्तरका मापदण्डहरु तोकिन पर्थ्यो। यसको लागी वायुको नमूना, त्यसमा भएका हानिकारक ग्याँस र कणहरुको मात्रा, ती तत्वहरु मानव शरीरमा पस्दा मानिसिक र शारीरिक प्रणालीमा के कस्तो असर गरी समुच्च स्वास्थ्यमा के कस्तो प्रभाव पार्छ भन्ने सम्मको अध्ययन अनुसन्धान गर्न जरुरी हुन्छ। हुन त यस खालका अध्ययनहरु अन्य देशहरुबाट हुने गरेको र सो सजिलै उपलब्ध हुने भएकोले नेपालको आफ्नो अध्ययन खासै भएको देखिंदैन । अन्य देश एवं विश्व स्वास्थ्य संगठन जस्ता अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट जारी भएका निर्देशिका र मापदण्डहरु हेर्ने हो भने नेपालको वायु गुणस्तरको मापदण्ड २०६९ लाई देशको भूगोल सुहाउँदो संशोधन गरी उच्चस्तरको वायु गुणस्तर कायम गर्न जरुरी छ।

प्रदूषण हुने गरी सवारी साधन गुडाएर वा प्रदूषण हुने गरी उद्योग चलाएर आर्थिक लाभ लिने र यसबाट हुने वायु प्रदूषण व्यक्ति वा सर्वसाधरणले सहनु पर्ने न्यायसंगत हुँदैन । सर्वसाधरणको स्वास्थ्य र जीवन जोखिम र नोक्सान पुऱ्याइ प्रदूषण गर्ने अर्थतन्त्रबाट लाभ लिने कार्य सरकारले गर्न हुँदैन। नेपालमा सवारी साधनबाट हुने उत्सर्जनले पनि उल्लेखनीय रुपमा स्थानीय र राज्यको वायु गुणस्तर ह्रास र प्रदूषित गरिरहेकोले यस प्रति तीन वटै तहका सरकारहरुको भूमिका विकास गर्नु पर्ने देखिन्छ। नेपाल भित्रबाट सृजित वायु प्रदूषण नियन्त्रण संयन्त्र विकास र अवलम्बन गर्न सके मात्रै सोहीअनुसार सीमा पारबाट हुने वायु प्रदूषण नियन्त्रण गर्न सुझाव र ज्ञान दिन सकिनेछ।

(लेखक लुम्बिनी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयका वातावरण निरीक्षक हुन्।)


## Rainadevi ChhaharaRural Municipality
### Office of the Rural Municipal Executive
**Chhahara, Palpa**

## Re-Invitation for Bids

Third Date of Publication: 1stApril 2026 AD(2082-12-18 BS)

1. Rainadevi Chhahara Rural Municipality invites electronic bids from Nepalese eligible bidders for following bids under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and bank details at the office of Rainadevi Chhahara Rural Municipaity, Chhahara Palpa website www.rainadevichhaharamun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
4. All other terms and conditions will be as per Nepal Government's Prevailing Procurement Act and Regulations.

| S. N. | Contract ID | Work Description | Estimated Amount (including VAT and PS) | Bid Submission Date | Bid Opening Date | Bid Validity and Bid Security Validity | Bid Security Amount | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|---|---|
| 1 | RRM/PAL/ W/ NCB-16/ 2082-83 | Construction of Different Water Supply Project at Rainadevi Chhahara Rural Municipality | Rs.19,52,696.54 | 25th Chaitra 2082 12:00PM | 25th Chaitra 2082 1:00PM | 90 & 120 days | Rs.50,000.00 | Rs.3,000.00 |

**Chief Administrative Officer**

## Binayi Tribeni Rural Municipality
### Office of The Rural Municipal Executive
**Dumkibas, Nawalparasi (East of Bardaghat Susta)**
**Gandaki Province, Nepal**

## Invitation For Online Bids

First Date of publication: 2082/12/18(1st, April, 2026)

1. Office of Binayi Tribeni Rural Municipality invites electronic bids from eligible bidders for the following works under Sealed Quotation procedures.

| S. N. | Contract ID | Description of Works | Estimate Amount with VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 44/BTRM/ SQ/Works /082-083 | Installation of water filterand dispenser for Schools, Health post and Hospitals. | 1197463.00 | 30000 | 1000.00 | 2083/01/03 (16th, April, 2026) Before 12:00 | 45 Days | 2082/12/23 (6th, April 2026) at 10:00 AM | 2083/01/03 (16th, April, 2026) After 1:00 | |
| Cost of Bidding Document in Bank | | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East )<br>Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East)<br>Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | |
| Cost of Bid Security in Bank | | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East)<br>Name of Office: Binayi TribeniRural Municipality, Nawalparasi(East)<br>Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## Madhyabindu Municipality
### Office of Municipal Executive
**Madhyabindu-7, Chormara, Nawalparasi(East of Bardghat Susta)**
**Gandaki Province, Nepal**

## Invitation for Bid

Second Date of publication: 18/12/2082 (01/04/2026)

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Goods and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following equipment procurements.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 27/NCB /MB/GOODS /2082/83 | Procurement of combined Harvester,Baler and Trailer Machines for Madhyabindu Municipality | NCB-GOODS | 3000/- | 2,25,000 | 90 days/ 120 days after bid opening | 2026-04-16 12.00 | 2026-04-16 14.00 |

**Chief Administrative Officer**

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# ओमोडाको जे ६ टी कार बुटवल र भैरहवामा बिक्री सुरु




बुटवल विद्युतीय कारहरुको बजारमा छुट्टै पहिचान बनाइरहेको ओमोडा जे ६ टी कारको बुटवल र भैरहवामा बिक्री सुरु भएको छ

बुटवल र भैरहवास्थित ओमोडा एण्ड जेइकु सवारी साधनका आधिकारिक शोरुममार्फत् जे ६ टी कारको बिक्री शुभारम्भ गरिएको हो यसअघिको जे ६ मोडलकोसफलतापछि कम्पनीले थप आकर्षक डिजाइन र परिस्कृत कार्यक्षमतासहित नयाँ संस्करण बजारमा ल्याएको बुटवल र भैरहवा शोरुमका प्रवन्धक राजीव खनालले बताए

खनालका अनुसार जे ६ टी को सुरुवाती मूल्य ६६ लाख ९९ हजार रुपैयाँ र अधिकतम खुद्रा मूल्य ६८ लाख ९९ हजार रुपैयाँ तोकिएको छ नेपालको विविध भू-वनोटलाई ध्यानमा राखेर डिजाइन गरिएको यो एसयूभी अफरोड र दुर्गम सडकमा पनि सहज सञ्चालन गर्न सकिने विशेषतासहित आएको कम्पनीले जनाएको छ

यसअघि टायरको ग्राउण्ड क्लियरेन्स २०० एमएम रहेकोमा नयाँ मोडलमा २२५ एमएमछ भने सिएटिएल लिथियम आइरन फस्फेट ब्याट्रीमार्फत् एकपटक चार्जमा करिब ४३१ किलोमिटर गुड्न सक्ने कम्पनीले जनाएको छ जीप मोडलको ठूलो बडीको यो कारमा १९ इञ्चका टायर र ४ हजार ४३३ एमएम लम्बाइको भएकाले बलियो मानिएको छ

इन्टेरियरतर्फ १५.६ इन्चको टच स्क्रिन, ९.२ इन्चको उपकरण प्यानल, ५० वाट वायरलेस चार्जर र ८-स्पीकर साउन्ड सिस्टम जस्ता विलासितायुक्त सुविधा रहेका छन्

नेपालको भौगोलिक बनोटलाई ध्यानमा राखेर डिजाइन गरिएको यो गाडी अफरोड क्षमता र दिगोपन दुबै हिसाबले उत्कृष्ट मानिएको खनालले बताए छोटो समयमै ग्राहकबाट सकारात्मक प्रतिक्रिया र राम्रो माग आउन थालेको उनले बताए

सेल्स कन्सल्टेन्ट तिलक गैरेका अनुसार गाडी सार्वजनिक भएसँगै ५ वटा बुकिङ भइसकेका छन् टेस्ट ड्राइभका लागि आउने ग्राहकले यसको डिजाइन र पावरफुल परफर्मेन्स निकै मन पराएका उनले जनाए

इच्छुक ग्राहकले बुटवल र भैरहवास्थित शोरुममा गाडी अवलोकन, टेस्ट ड्राइभ तथा बुकिङ गर्न सक्ने उनले बताए

# उत्कृष्ट खेल पत्रकारिता पुरस्कार सुमन अधिकारीलाई




बुटवल नेपाल पत्रकार महासंघ रुपन्देहीले आयोजना गरेको दोस्रो एफएनजे मिडिया कप तथा कर्पोरेट कप फुटसल प्रतियोगिताको उपाधि ग्लोबल आवाज र नेपाल युवा उद्यमी मञ्च रुपन्देहीले जितेको छ

७१ औं स्थापना दिवसको अवसरमा रुपन्देही शाखाले बुटवलमा सोमबार र मंगलबार आयोजना गरेको प्रतियोगितामा बुद्ध सामुदायिक टेलिभिजनलाई ३-२ गोल अन्तरले हराउँदै ग्लोबल आवाजले उपाधि जितेको हो उपाधि जित्दै ग्लोबलले नगद २० हजारसहित शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गरेको छ

यस्तै उपविजेता बनेको बुद्ध सामुदायिक टेलिभिजनले नगद १५ हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ

यस्तै कर्पोरेट कपको खेलमा नेपाल इञ्जिनियर्स एशोसियसन लुम्बिनी प्रदेशलाई २-० गोल अन्तरले पराजित गर्दै नेपाल युवा उद्यमी मञ्च रुपन्देहीले उपाधि जितेको छ उपाधि जित्दै युवा उद्यमी मञ्चले ३५ हजारसहित शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गरेको छ भने उपबिजेता बनेको इञ्जिनियर्स एशोसियसनले २५ हजारसहित शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गरेको छ

प्रतियोगिता २ दिन सञ्चालन गरिएको हो बुटवल उप-महानगरपालिकाको संरक्षकत्वमा दोस्रो एफएनजे मिडिया कप तथा कर्पोरेट कप फुटसल प्रतियोगिता २०८२ गरिएको हो

प्रतियोगिताका उपाधि बिजेता, उपबिजेता तथा खेलाडिहरुलाई बुटवल उपमहानगपालिकाका प्रमुख खेलराज पाण्डेय, महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डेय, नेपाल प्रहरी लुम्बिनी प्रदेशका प्रमुख भूपेन्द्रबहादुर खत्री, इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख निशान्त श्रीवास्तवलगायतले पुरस्कार प्रदान गरेको प्रतियोगिताका संयोजक सुमनरश्मी श्रेष्ठले जानकारी दिए

यस्तै नेपाल पत्रकार महासंघ रुपन्देहीले स्थापना गरेको उत्कृष्ट खेल पत्रकारिता पुरस्कार सुमन अधिकारीलाई प्रदान गरेको छ यस्तै नेपाल पत्रकार महासंघ रुपन्देहीले स्थापना गरेको पत्रकारिता पुरस्कार सुमन अधिकारीलाई प्रदान गरेको छ

जिल्लामा रहेर खेलकुद पत्रकारितामा योगदान गरेको भन्दै अधिकारीलाई नगद २५ हजारसहित सम्मान गरिएको महासंघका सचिव सीपी खनालले जानकारी दिए

# पश्चिम नेपाल बस व्यवसायीको पाँचदिने साधारण सभा सुरु

बुटवल । नेपालकै ठूलो यातायात व्यवसायी संस्था पश्चिम नेपाल बस व्यवसायी प्रा.लि. ले आफ्नो छैठौं वार्षिक साधारणसभा यसपटक नयाँ अभ्यासका साथ सञ्चालन गरिरहेको छ। परम्परागत एकदिने औपचारिक कार्यक्रमभन्दा फरक, ५ दिनसम्म चल्ने गरी विभिन्न रुटअनुसार व्यवसायीहरुलाई छुट्टाछुट्टै रुपमा समावेश गरेर सभा आयोजना गरिएको हो। चैत्र १४ गतेबाट सुरु भएको यो साधारणसभा १८ गतेसम्म सञ्चालन हुनेछ।

संस्थाका अध्यक्ष दधिराम खरेलका अनुसार, विगतमा व्यवसायीका गुनासा, जिज्ञासा र समस्याहरू प्रभावकारी रूपमा सुनुवाइ हुन नसकेको गुनासो आउने गरेकाले यसपटक सहभागीमैत्री र संवादमुखी ढंग अपनाइएको हो । “सबैको आवाज सुन्ने र समाधान खोज्ने उद्देश्यले फरक मोडलमा साधारण सभा गरिरहेका छौं।”- उनले भने।

हाल संस्थामा २२ सय २ सवारी साधन सञ्चालनमा छन्, जुन नेपालकै ठूलो यातायात सस्था मध्ये एक हो । पूर्वको मेचीदेखि पश्चिमको महाकालीसम्म, दक्षिणको बेलहियादेखि उत्तरको मनाङ-मुस्ताङसम्म संस्थाले सेवा विस्तार गरेको छ । पहाडी, तराईदेखि उच्च हिमाली भूभागसम्म निरन्तर यातायात सेवा प्रदान गर्दै आएको छ।

दुई हजार ५ सय बढी सवारी सञ्चालन गरेको संस्थाले पछिल्लो समय पुराना ६ मोडलसम्मका बसहरू विस्थापित गरी व्यवसायीलाई मुआब्जा प्रदान गर्ने नीति समेत अपनाएको छ। यसले सेवा गुणस्तर सुधारमा सहयोग पुगेको देखिन्छ।

प्रवन्ध सञ्चालक रामचन्द्र भुसालका अनुसार, पछिल्लो समय यातायात क्षेत्र सहज छैन।

नीति-नियमका जटिलता, प्रशासनिक अवरोध, इन्धन मूल्यवृद्धि र बजार प्रतिस्पर्धाले व्यवसायलाई चुनौती थपेका छन्। तर पनि संस्था यात्रु सुरक्षालाई केन्द्रमा राख्दै सेवा निरन्तरता दिन प्रतिबद्ध रहेको उनले बताए।

सवारी दुर्घटना न्यूनीकरणका लागि सञ्चालन गरिएको अभियानले पछिल्लो समय दुर्घटनामा कमी ल्याएको छ। यद्यपि, बेलाबेलामा हुने दुर्घटनाले संस्थालाई अझ जिम्मेवार र संवेदनशील बन्न प्रेरित गरेको छ।

लेखा सञ्चालक मोहन पिइसका अनुसार, संस्थाले अब सेवा प्रणालीलाई डिजिटल बनाउने अभियान सुरु गरेको छ। प्रशासनिक कामलाई व्यवस्थित गर्ने, पारदर्शिता बढाउने, कर्मचारी व्यवस्थापन सुधार गर्ने तथा सेवा गुणस्तर उकास्ने काम भइरहेको छ।

यातायात क्षेत्रमा अझै पनि अव्यवस्थित प्रतिस्पर्धा, नीतिगत अस्पष्टता, अनाधिकृत सवारी सञ्चालन तथा सडक सुरक्षाका चुनौतीहरू कायम रहेको उनले बताए। तर, स्पष्ट नीति, प्रविधिको प्रयोग र व्यवस्थित प्रतिस्पर्धासँगै संस्था अझ सशक्त बन्ने विश्वास व्यक्त गरिएको छ। यसपटकको साधारण सभा चरणबद्ध रूपमा सञ्चालन गरिएको छ, जसमा विभिन्न रुटअनुसार व्यवसायीहरूको उल्लेखनीय सहभागिता देखिएको छ।

चैत्र १४ गतेदेखि शुरु भएको साधारणसभामा पहिलो दिन रुटमा भैरहवा- काठमाडौं (दिवा/रात्री), स्कूल/कलेज (मासिक) तथा अन्य गरी ५ सय ३७ जनाको उपस्थिति रहेको थियो । त्यस्तै १५ गते स्याङ्जा-पोखरा, बाग्लुङ, बेनी, नारायणगढ-पोखरा, बाग्लुङ बेनी दिवा/ रात्री प्रखण्ड र बुटवल-नारायणगढ-दुम्किबास सर्दी- पूर्व प्रखण्ड जस्मा ३ सय ३९ जनाको उपस्थित रहेका थिए। त्यस्तै १६ गते पाल्पा, रामपुर काठमाडौं, खहरे, गुल्मी तल्लो/उपल्लो बाटो र अर्घाखाँची, गुल्मी-काठमाण्डौ, अर्घाखाँची- काठमाडौंका ४ सय ५ जना सहभागिता रहेको कर्मचारी राजन शर्माले बताए।

मंगलबार १७ गते हुने पश्चिम प्रखण्ड, बुटवल- कृष्णनगर, ४ नम्बर-तौलिहवा, हरैया-बुटवल, मिर्नी- भैरहवा- लुम्बिनी, तौलिहवा,झारवैरा,मर्चवार, ककरहवा, परासी, बुढ्डी, तौलिहवा रुटका ४ सय २७ जना सहभागी रहने छन् । १८ गते सम्पन्न हुने बुटवल-सालझण्डी, बनगाई, विंगर, हरैया माइक्रो बुटवल- बर्दघाट, त्रिवेणी र बुटवल-भैरहवा- नगर गरी जम्मा ४ सय ७८ जना सहभागी रहने छन् । साथै वृहत रक्तदान कार्यक्रम समेत आयोजना गरिएको जनाइएको छ । साथै लामो समय सवारी संचालन गरेर कुनै पनि दुर्घटना नगराएका उत्कृष्ट चालकहरुलाई सो अवशरमा सम्मान गरिँदै आएको छ। यातायात क्षेत्र चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको बेला पश्चिम नेपाल बस व्यवसायी प्रा.लि. ले अपनाएको यो नयाँ अभ्यास केवल साधारणसभा मात्र होइन, व्यवस्थापन सुधार, संवाद विस्तार र भविष्यतर्फको स्पष्ट संकेत पनि हो । यदि यही गतिमा प्रविधि, पारदर्शिता र यात्रु सुरक्षालाई प्राथमिकता दिइयो भने, यो संस्था नेपालकै यातायात क्षेत्रको उदाहरणीय मोडेल बन्न सक्ने देखिन्छ।

## Road Division, Jaspur, Pyuthan
Invitation for Bid No: 82/83-02(SQ) (RE)

## Invitation for Sealed Quotation

Date of publication: 2082/12/18

Road Division, Pyuthan invites Sealed Bids from eligible Nepali bidders for the construction of following works.

| SN | Contract Number | Name of Works | Estimate Amount (NRs) (Excluding VAT) | Bid Security Amount NRs) | Bid Validity Period/Bid Security Validity Period | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | RDPTN/ 33701136 /82/83-17 (SQ) (RE) | Traffic Safety Works along Ganaha-Chakchake-Liwang-Darbot (NH-53), Chujathanthi-Khalanga-Chakchake (NH-09) & Bhingri - Sworgadwari (F-13902) | 14,85,608.88 | 40,000.00 | 45/75 days | 1000 |

Purchase, Submission and Opening:

| SN | Last Date of Bid Submission | Bid Opening Date, Time & place | Employer's Bank Account for the Purchasing of Bid Document | Employer's Bank Account to Deposit Cash for the Bid Security |
|---|---|---|---|---|
| 1 | On or before 12:00 noon 16th April 2026. 2083/01/03 | 13:00 hours on the last date of bid submission at Road Division, Pyuthan | Nepal Bank Ltd., Office Code No: 337015501; Revenue Account No: 00101000000001001001; RajashwaShirshak No. 14229 | Nepal Bank Ltd., Khalanga, Pyuthan, Account No. 05201000002003000001, Account Name: Ka 2.3- Ko Le Ni Ka DharautiKhata |

Eligible Bidders are advised to visit the PPMO's websitewww.bolpatra.gov.np/egpfor further details or contact to Road Division, Pyuthan,E-mail:drofficepyuthan@gmail.com

**Division Chief**

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
## यातायात व्यवस्था सेवा कार्यालय
बर्तुङ, पाल्पा

## प्रयोगात्मक परीक्षा फिल्ड तथा सवारी साधन उपलब्ध गराउन प्रस्वाव आह्वान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०८२।१२।१८

यस कार्यालयबाट संञ्चालन हुने बर्ग B,C,C1,E (कार, जिप, भ्यान, ई-रिक्सा, अटोरिक्सा, ट्रेक्टर) तर्फको सवारी साधनको सवारी चालक अनुमतीपत्रको प्रयोगात्मक परीक्षाका लागि आवश्यक पर्ने परीक्षा फिल्ड र सवारी साधन उपलब्ध गराए बापत परीक्षार्थीहरुसंग दस्तुर लिई सेवा प्रदान गर्ने शर्तमा प्रचलित कानून बमोजिम दर्ता भई सञ्चापलनका लागि ईजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट प्रति परीक्षार्थी अधिक्तम के कति दररेटमा सवारी साधन सहित प्रयोगात्मक परीक्षास्थल उपलब्ध गराउन सकिने हो सो कुरा खुलाई प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वान गरिएको छ।

**शर्तहरुः**

१. प्रयोगात्मक परीक्षा फिल्डको मापदण्ड, विस्तृत विवरण तथा अन्य शर्तहरु कार्यालयले तयार गरेको कार्यक्षेत्र शर्त वमोजिम हुनेछ।
२. प्रयोगात्मक परीक्षा फिल्ड तानसेन नगरपालिका क्षेत्र भित्र हुनुपर्नेछ साथै प्रयोगात्मक परीक्षा फिल्डमा सि.सि.टि.भी क्यामेरा, ट्राफिक लाईट जडान कार्यको लागि आवश्यक पूर्वाधार रहेको हुनु पर्नेछ।
३. प्रयोगात्मक परीक्षा फिल्डको मापदण्ड “सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चाीलन कार्यविधि निर्देशिका, २०७७” मा उल्लेख भए बमोजिमको हुनुपर्नेछ।
४. प्रयोगात्मक फिल्डमा प्रयोग हुने सवारी साधनहरुको अद्यावधिक रहेको कागजात (विलबुक, तेस्रो पक्ष विमा) को प्रतिलिपी पेश गर्नुपर्नेछ।
५. सूचना बमोजिमको प्रस्ताव अनुसार उपलब्ध हुने सवारी साधनहरु सन २०१८ वा सो भन्दा पछाडी बनेको हुनुपर्नेछ।
६. प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलवन्दी गरी दुवै प्रस्तावहरु पुनः एउटै मुल खाममा शिलबन्दी गरी पेश गर्नुपर्नेछ।
७. यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र प्रस्ताव दर्ता गरिसक्नुपर्ने र १६औ दिनको १:०० बजे प्राविधिक प्रस्ताव खोलिनेछ।
८. प्राविधिक प्रस्तावको मुल्याङ्कन गरी प्राविधिक प्रस्तावमा पास भएका प्रस्तावहरुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ।
९. प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदाको भोलिपल्ट अन्तिम दिन कायम हुनेछ।
१०. पेश हुन आएका प्राविधिक तथा आर्थिक प्रस्ताव निर्धारित समयमा कार्यालयका प्रतिनिधि र प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। साथै प्रस्ताव खोलिने दिन प्रस्तावदाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि प्रस्ताव खोल्न वाधा पर्नेछैन।
११. प्रस्तावदाताले यस प्रस्तावमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र यस पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनि लिखित रुपमा स्वघोषणा उपलब्ध गराउनु पर्नेछ।
१२. सवारी साधन, प्रयोगात्मक फिल्ड आफ्नो स्वामित्वको हुनुपर्ने वा सञ्चा लन गर्न भाडामा लिएको भए प्रचलित कानून बमोजिमको सम्झौताको कागजात पेश गर्नुपर्नेछ।
१३. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
१४. यस सूचनामा उल्लेख नभएका अन्य शर्तहरु प्रचलित, ऐन, नियम, कार्यविधि तथा कानून बमोजिम हुनेछ।
१५. प्राविधिक तथा आर्थिक प्रस्तावको BOQ कार्यालयबाट लिनुपर्नेछ, सो बापत रु. एक हजार राजश्वक शिर्षक नं. १४२२९, कार्यालय कोड नं. ३०७०४५००१५ मा भुक्तानी गर्नुपर्नेछ।
१६. प्रस्ताव पेश गर्दा प्रस्तावदाताले देहायबमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।

| क्र.स | प्राविधिक प्रस्तावको साथमा सिलबन्दी गर्नुपर्ने कागजातहरु | आर्थिक प्रस्तावको साथमा सिलबन्दी गर्नुपर्ने कागजातहरु |
|---|---|---|
| १ | कार्यालयले तोकेको मापदण्ड पुरा भएको स्वघोषणा सहितको प्रस्तावको निवेदन | प्राविधिक तथा आर्थिक प्रस्तावको द्यइत्त कार्यालयबाट खरिद गरेको राजश्वाको प्रतिलिपी |
| २ | प्रयोगात्मक परीक्षास्थल र सवारीसाधनको कानूनी मापदण्ड पुरा भएको प्राविधिक प्रतिवेदन | प्रयोगात्मक परीक्षामा सहभागी हुने परीक्षार्थीबाट प्रतिव्यक्ति लिने सेवा शुल्क (कर बाहेक) अंक र अक्षरमा खुलेको विवरण |
| ३ | संस्थाको हकमा दर्ता प्रमाणपत्र, संस्था नविकरण भएको प्रमाणपत्र, ख्बत दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र | |
| ४ | परीक्षास्थल रहेको जग्गाको स्वामित्व आफ्नै नाममा भए सो को जग्गाधनी पूर्जा र भाडामा भए जग्गाधनी पूर्जा र कानून बमोजिम भएको सम्झौतापत्रको प्रतिलिपी | |
| ५ | प्रयोगात्मक परीक्षा स्थलको हकमा (सवारी चालक प्रशिक्षण केन्द्र संचालन निर्देशिका, २०७४ बमोजिम) नविकरण सहितको प्रमाणपत्रको प्रतिलिपी | |

**कार्यालय प्रमुख**

## Marchawarimai Rural Municipality
### Office of the Rural Municipal Executive
Khaira, Rupandehi, Lumbini Province, Nepal

## Invitation For Online Bids

Date of Publication: 2026/04/01

1. Marchawari Rural Municipality, Raypur, Rupandehi invites electronic bids only from eligible bidders for following work under National Competitive Bidding (NCB).

| S. N. | Name of work | Contract ID | Pre-bid meeting | Bid Submission Deadline | Bid Opening | Fee of Bid Document | Bid Validity Period | Estimated Amount (including VAT) | Bid Security | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | Amount | Validity Period |
| 1 | Sthaniya tahako sajhedarima Bidhyalayko Purbadhar Nirman | MRM/RUP/ WORKS/ NCB/ 06/2082-83 | April20, 2026 3:00Pm | May1, 2026 12:00 noon | May 1, 2025 13:00 Pm | NRs.3000 | 90 Days | NRs. 7010077.37 | NRs. 175000 | 120 days |

2. Submission and Opening:

Bidders download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website:www.bolpatra.gov.np/egp. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified.

3. Revenue Account Details:

| Account Holder's Name | Bank Name | Revenue Account Number and Name | Dharauti Account Number and Name |
|---|---|---|---|
| Marchawari Rural Municipality | Siddhartha Bank Ltd. | 01215382423 (Marchawari Gaunpalika Ga.1.1 Aantrik Rajwso Khata | 01215156664 (Marchawari Gaunpalika Ga 03 Dhrauti Khata) |

4. The Purchaser reserves the right to accept or reject, wholly or party and or all the procurement of works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA and PPR.

***Chief Administrative Officer***

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com